नेपाल गजेट

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १३] काठमाडौं, माघ २७ गते २०२० साल [संख्या ४३

श्री ५ को सरकार

अर्थ मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको मादक पदार्थ (संशोधन) नियमहरू २०२० सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

मादक पदार्थ नियमहरू २०१९ त्यसपछि (मूल नियमहरू भनिएको) मा संशोधन गर्न आवश्यक देखिएकोले मादक पदार्थ ऐन २०१७ (संशोधनसहित) को दफा २५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ :–

१. संक्षिप्त नाम र प्रारम्भ:– (१) यी नियमहरूको नाम " मादक पदार्थ (संशोधन) नियमहरू, २०२० " रहेकोछ:–

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुने छन् ।

२. मूल नियमहरूको नियम ४ मा संशोधन:– मूल नियमहरूको नियम ४ को खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएकोछ ।

(६) पसल थापी गांजा खरीद विक्री गर्नेले रू. दुईहजार ---२०००।– तर आफूले पैदा गरेको गाँजा विक्री गर्नलाई इजाजतपत्र लिनुपर्ने छैन ।

आज्ञाले–

डा. यादवप्रसाद पन्त

श्री ५ को सरकारको सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १ को उप-दफा (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उक्त ऐनको अरू दफाहरू निम्नलिखित क्षेत्रहरूमा प्रारम्भ हुने मिति २०२० साल फागुन १ गते तोकिदिएको छ ।

१. जलेश्वर बजार ।
२, तौलिहवा बजार ।
३. सिरहा बजार ।

आज्ञाले-
डा. यादवप्रसाद पन्त
श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।